**शुक्लाफाँटा नगरपालिका**
**झलारी ,कंचनपुर**
**सुदुरपस्चिम प्रदेश**
**सार्वजनिक सुनुवाई कार्य सम्बन्धी सिलबन्दि प्रस्ताव आव्हान सम्बन्धमा**

**(सुचना प्रकासन मिति :२०८२/४/२१)**

शुक्लाफाँटा नगरपालिका झलारी, कंचनपुर मार्फत यस नगरपालिकामा नेपालको संविधानमा उल्लेखित भावनालाई व्यवहारमा अनुसरण गर्दै सार्वजनिकसेवाप्रवाहलाई प्रभावकारी तुल्याउन सूचनाकोहक सम्बनधी ऐन २०६४ तथा नियमावली २०६५, सुशासन व्यवस्थापन तथा संचालन ऐन २०६४ को दफा ३० को उपदफा (१) को व्यवस्था, स्थानीय सरकार संचालनऐन २०७४ को दफा ७८ को उपदफा (५), तथा स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यबिधि २०६७ बमोजिम आर्थिक वर्ष २०८१/८२ को सार्वजनिक सुनुवाई कार्यक्रम गराउनका लागि सो कार्य गर्न अनुमति प्राप्त संस्थाहरूवाट प्रस्ताव आव्हान् गरिएको छ। प्रस्ताव फाराम, कार्यक्षेत्रगत शर्त सम्बन्धि कागजात नगरपालिकाको वेबसाइट www.shuklaphantamun.gov.np बाट प्राप्त गर्न सकिनेछ। प्रस्ताव फारामको लागि संस्था दर्ता एवं नविकरण प्रमाणको प्रतिलिपि र यस शुक्लाफाँटा नगरपालिकामा यस आ.व २०८१/८२ मा सुचिकृत भएको प्रमाण सहित सिलबन्दि प्रस्ताव पेश गर्नु पर्नेछ।प्रस्ताव फाराम तथा आवश्यक कागजातहरू मिति २०८२/४/२७ गते कार्यालय समय भित्र (७ दिनको म्याद) यस नगरपालिकामामा दर्ता गराउनु पर्नेछ।

खेमराज बिष्ट
प्रमुख प्रसासकिय अधिकृत

शुक्लाफाँटा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

*सार्वजनिक सुनुवाई कार्य सम्बन्धी सिलबन्दि प्रस्ताव आव्हान सम्बन्धी*

**दरभाउपत्र फाराम**

आ.व. २०८२/८३

| सी. नं | कार्यक्रमको नाम | कबोम अंक (मु.अ.कर सहित ) | | सुचिकृत रशिद नं र मिति | |
|---|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | रसिद नं | मिति |
| १ | शुक्लाफाँटा नगरपालिकामा सार्वजनिक सुनुवाई कार्यक्रम चलाउने सम्बन्धी कार्य | | | | |

**दरभाउपत्र दाताको विवरण**

फर्म/ संस्थाको नाम :
हस्ताक्षर :
मिति :
स्ट्याम्प :

CamScanner

# Terms of Reference (TOR

सार्वजनिक सुनुवाई कार्यक्रमका लागि परामर्श सेवा

---

## १. पृष्ठभूमि:

शुक्लाफाँटा नगरपालिकाले सार्वजनिक सुनुवाईलाई नागरिक सहभागिता, जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्ने एक महत्वपूर्ण माध्यमको रूपमा लिएको छ। यसै अनुरूप, आर्थिक वर्ष २०८१/८२ को सार्वजनिक सुनुवाई कार्यक्रम प्रभावकारी, सहभागितामूलक र परिणाममुखी बनाउनका लागि एक योग्य तथा अनुभवी परामर्शदाता सेवा आवश्यक रहेकोले प्रस्ताव आव्हान गर्न लागिएको हो।

## २. उद्देश्य:

सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना तथा सञ्चालन गर्ने सम्पूर्ण प्रक्रिया व्यवस्थापन गरी, नगरपालिकाका सेवा, योजना, बजेट, कार्यान्वयन तथा समग्र कार्यप्रदर्शनबारे नागरिकहरूलाई जानकारी दिने, उनीहरूको प्रश्न, प्रतिक्रिया तथा सुझाव सुन्ने वातावरण सिर्जना गर्नु।

## ३. कार्यको क्षेत्र:

कार्यस्थल: शुक्लाफाँटा नगरपालिका क्षेत्रभित्र

कार्यको अवधि: सम्झौता बमोजिम

## ४. परामर्शदाताले गर्नु पर्ने प्रमुख कार्यहरू:

- नगरपालिकासँग समन्वय गरी सार्वजनिक सुनुवाईको मिति, स्थान तथा कार्यक्रमको संरचना तयार गर्ने।
- सहभागिता सुनिश्चित गर्न सरोकारवालाहरूलाई निमन्त्रणा गर्ने।
- कार्यक्रम सञ्चालन, संयोजन, प्रतिवेदन तयार गर्ने
- भिडियो, फोटो, लेखित प्रतिवेदन तयार गर्ने
- नगर पालिका १२ वटा वडाहरुका सेवाग्राहीको वहिर्गमन अभिमत (Exit Poll )सम्बन्धी कागजातको अभिलेख र विश्लेषण, नागरिक प्रतिवेदन पत्र (Citizen Report Card) संकलन गर्नुपर्नेछ।

## ५. न्यूनतम योग्यता:

- सार्वजनिक सुनुवाई / नागरिक सहभागिता / स्थानीय शासन सम्बन्धी कम्तीमा १ वर्षको अनुभव
- यसअघि कम्तिमा १ वटा सार्वजनिक सुनुवाई सञ्चालन गरेको अनुभव

CamScanner

• कार्यक्रम संयोजन, प्रतिवेदन लेखन क्षमता
• सार्वजनिक सुनुवाई सम्बन्धि कार्य गर्न पाउने संस्थाको विधान तथा अन्य प्रमाण

## ६. प्रस्तावमा समावेश हुनुपर्ने विवरणहरू तथा कागजातहरु :

- संक्षिप्त कार्ययोजना/प्रस्तावना
- समयतालिका
- कम्पनि रजिस्ट्रेसन
- व्यवसाय दर्ता
- Tax Clearence

## ७. लागत अनुमान:

- रु. २,००,००० (अक्षरेपी दुई लाख रुपैयाँ) कर सहित

## ८. मूल्यांकन मापदण्ड:

- न्यूनतम लागत आधारित छनोट विधि

## ९. प्रस्ताव बुझाउने म्याद:

- प्रस्ताव यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र शुक्लाफाँटा नगरपालिका कार्यालयमा बन्द लिफाफामा (Sealed Quotation) बुझाउनु पर्नेछ।

## १०. प्रचलित नीति तथा कानुनी आधारहरू:

सार्वजनिक सुनुवाई कार्यक्रम नेपाल सरकारद्वारा जारी निम्न कानुनी दस्तावेज, नीतिगत निर्देशिका तथा कार्यविधिको परिपालनामा आयोजना गरिनेछ:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४
• सुसंस्कृत शासन कार्यान्वयन निर्देशिका, २०७५
• सार्वजनिक सुनुवाई सञ्चालन कार्यविधि, २०७१
• नागरिक सहभागिता निर्देशिका, २०७४

CamScanner